स्थानीय राजपत्र

केरावारी गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ८, संख्या ७,  ७ असाढ २०८१

भाग-२

# केराबारी गाउँपालिकाका कर्मचारी तहबृद्धि सम्बन्धी कार्यविधि,२०८१

स्वीकृत मितिः२०८१।०३।०७

प्रमाणिकरण मितिः२०८१।०३।०७

**प्रस्तावना:** केराबारी गाउँपालिकामा कार्यरत कर्मचारीहरुको तह वृद्धि सम्वन्धि कार्यलाई व्यवस्थित र पारदर्शी ढंगले कार्यान्वयन गर्न कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा

१५१ ले दिएको अधिकार प्रयोग गरी केराबारी गाउँ कार्यपालिकाले यो कार्यविधि तयार गरी लागू गरेको छ ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भ :</u>** (१) यो कार्यविधिको नाम **"केराबारी गाउँपालिकाका कर्मचारी तह बृद्धि सम्बन्धी कार्यविधि,२०८१"** रहेको छ।

(२) यो कार्यविधि तुरुन्तै प्रारम्भ हुनेछ।

**२.** <u>परिभाषा :</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अख्तियारवाला" भन्नाले स्थानीय सेवामा नियुक्ति, पदस्थापन र अवकाशको निर्णय गर्ने अधिकारी सम्झनुपर्छ।

(ख) "अध्यक्ष" भन्नाले केराबारी गाउँ कार्यपालिकाकोगाउँ अध्यक्षलाई सम्झनुपर्छ।

(ग) "ऐन" भन्नाले कोशी प्रदेशबाट जारी भएको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० सम्झनुपर्छ।

(घ) "कर्मचारी" भन्नाले केराबारी गाउँपालिका अन्तर्गतको सेवाका पदमा कार्यरत सङ्घीय तथा प्रदेश सरकारबाट केराबारी गाउँपालिकामा खटी आएका साथै समायोजन ऐन २०७५ बमोजिम समायोजन भई आएका साथै संघीय तथा प्रदेश लोकसेवा आयोगवाट सिफारिस तथा नियुक्ति भई कार्यरत र गाउँपालिकामा जुनसुकै तवरले कार्यरत स्थायी, अस्थायी, सेवा करार (करार सेवा) सेवाका कर्मचारीलाई समेत सम्झनुपर्छ।

(ङ) "कार्यपालिका" भन्नाले केराबारी गाउँ कार्यपालिका सम्झनुपर्छ।

(च) "गाउँपालिका" भन्नाले केराबारी गाउँपालिका सम्झनुपर्छ।

(छ) "तह वृद्धि" भन्नाले ऐन बमोजिम गरिने तह वृद्धिलाई सम्झनुपर्छ।

(ज) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनुपर्छ।

(झ) "प्रदेश लोक सेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोक सेवा आयोगलाई सम्झनुपर्छ।

(ञ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले केराबारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ट) "मन्त्रालय" भन्नाले स्थानीय तहहरुले सङ्घीय सरकार वा प्रदेश सरकारसमक्ष सम्पर्क गर्न तोकिएको तत् मन्त्रालय सम्झनुपर्दछ।

(ठ) "सम्वन्धित निकाय" भन्नाले प्रचलित कानूनद्धारा तोकिएका संघीय सरकार, प्रदेश तथा सरकार स्थानीय सरकार सम्वद्ध सरकारी संयन्त्रलाई सम्झनुपर्छ।

३. **तह वृद्धि गर्नुपर्ने:** (१) गाउँपालिकामा कार्यरत योग्यता पुगेका स्थायी कर्मचारीको तह वृद्धि गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम तह वृद्धि सम्बन्धी कार्य दफा २७ को उपदफा (४) बमोजिमको समितिले गर्नुपर्नेछ ।

४. **सूचना प्रकाशित गर्नुपर्ने:** (१) ऐनको दफा २७ को कार्यान्वयनको लागि प्रत्येक वर्षको ज्येष्ठ र मंसिर महिनाको अन्तिम हप्ता भित्र सम्भाव्य

उम्मेद्वारहरुको जानकारीका लागि पन्ध्र दिनको म्याद दिई दरखास्त आव्हान सम्बन्धी सूचना प्रकाशित गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना गाउँपालिकाले आफ्नो सूचना पाटीमा र गाउँपालिकाको वेवसाईटमा समेत प्रकाशित गर्नु पर्नेछ।

**५. <u>निवेदन दिनुपर्ने:</u>** (१) दफा ६ बमोजिम प्रकाशित सूचनाको म्याद भित्र तह वृद्धिका लागि इच्छुक सम्भाव्य उम्मेद्वारले अनुसूची-१ बमोजिमको ढाँचामा तह बृद्धि सिफारिस समिति समक्ष देहायका कागजात संलग्न राखी निवेदन दिनु पर्नेछ।

(क) पछिल्लो तीन वर्षमा कार्यसम्पादन मुल्यांकन फाराम वुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन,

(ख) सेवा अवधि पुष्टि गर्ने नियुक्ति/वढुवा नियुक्तिको प्रतिलिपि,

(ग) स्थानीय तहमा समायोजन भएको पत्रको प्रतिलिपि,

(घ) विभागीय सजाय नपाएको निलम्वनमा नरहेको र सेवा अवधि पूरा भएको विवरण खुलाई सम्वन्धित कार्यालयले गरेको सिफारिस पत्र,

(ङ) पेशा सम्वन्धि व्यवसायी परिषदले उपलव्ध गराउने प्रमाणपत्रको प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र),

(च) ऐनको दफा २७ को उपदफा (४) वमोजिमको तहवृद्धी सिफारिस समितिले मागेका अन्य कागजातहरु ।

**६. <u>तह वृद्धि सिफारिस समिति:</u>** (१) गाउँपालिकामा कार्यरत कर्मचारीको तहवृद्धि गर्न ऐनको दफा २७ को उपदफा (४) को प्रमुख प्रशासकीय

अधिकृतको अध्यक्षतामा कार्यपालिकाको निर्णय वमोजिम एक महिला सहित दुई जना वरिष्ठ कर्मचारी रहेको तहवृद्धी सिफारिस समिति रहनेछ ।

(२) सिफारिस समितिको सचिवालयको काम प्रशासन शाखाले गर्नेछ ।

(३) सिफारिस समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिका पदाधिकारीहरुले गाउँपालिकामा गठित अन्य समितिका सदस्यहरुले पाए सरहको बैठक भत्ता पाउनेछन्।

७. **आवश्यक न्यूनतम योग्यता र सेवा अवधिः** ऐनको दफा २७ वमोजिम तहवृद्धीका लागि देहाय वमोजिमको न्यूनतम योग्यता र सेवा अवधि पुरा भएको हुनुपर्नेछ ।

(१) ऐनको दफा २७ को उपदफा १ वमोजिम गाउँपालिकाको स्थानीय सरकारी सेवामा कार्यरत कर्मचारीको पाँचौतहवाट छैटौ, सातौ तहवाट आठौ तह र नवौ तहवाट दशौ तहमा तहवृद्धी गर्दा तह वृद्धी हुने पदभन्दा एक तह मुनीको पदमा ५ वर्षको सेवा अवधि पूरा भएको र पछिल्लो तीन वर्षको कार्य सम्पादन मूल्यांकनमा औषत नव्वे प्रतिशत अंक प्राप्त गरेको ।

(२) उपदफा १ वमोजिम तह वृद्धि गर्दा थप शैक्षिक योग्यताको आवश्यकता पर्नेछैन ।

(३)स्थानीय सरकारी सेवाको अधिकृत छैटौ, अधिकृत आठौ (स्थानीय स्वास्थ्य सेवाको चिकित्सक वाहेक), र अधिकृत दशौ तहमा मात्र तहवृद्धी हुनेछ ।

**८ तह वृद्धि सम्वन्धी विशेष व्यवस्थाः** कोशी प्रदेश वाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गतका स्थानीय तहमा दरवन्दी भएका कर्मचारीको दरवन्दी भएको स्थानीय तहमा तह वृद्धी हुने ।

**९. जेष्ठता गणना र जेष्ठता कायमः** तह वृद्धी भएका कर्मचारीको जेष्ठता गणना देहाय वमोजिमको हुनेछ ।

(१) तह वृद्धीको जेष्ठता गणना नियुक्ति वा तहवृद्धी/वढुवाको मितिवाट गणना हुनेछ ।

(२) ऐनको दफा २६ वमोजिम तहवृद्धी वा वढुवा प्रयोजनका लागि स्थानीय तहमा समायोजन भएका कर्मचारीको जेष्ठता गणना गर्दा तहवृद्धी भएको वा नभएको दुवै अवस्थामा समायोजन हुँदाको तत्काल अघिको सेवा समूहमा स्थायी नियुक्ति पाएको मितिवाट कायम हुनेगरी सेवा अवधि गणना गरिनेछ ।

(३) स्थानीय सरकारी सेवा गठन तथा सञ्चालन ऐन २०८० वमोजिम पौष र अषाढ महिनामा सूचना प्रकाशन गरी सूचना अनुसार प्रत्येक वर्षको माघ १ गते र श्रावण १ गतेवाट जेष्ठता कायम हुने गरी तह वृद्धी हुनेछ ।

**१०. वाधा अड्काउ फुकाउनेः** कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अड्काउ उत्पन्न भएमा वाधा अडकाउ फुकाउने अधिकार ऐनको दफा २७ को उपदफा ४ वमोजिमको व्यवस्था वमोजिम हुनेछ ।

**११. तहवृद्धी गर्न नहुनेः** ऐनको दफा ३० वमोजिम अयोग्यता भएका कर्मचारीको तहवृद्धी गर्न सकिनेछैन ।

**१२. तहवृद्धीको निर्णय र कार्यान्वयन गर्नुपर्नेः** ऐन वमोजिम तहवृद्धीका लागि निवेदन दिएका कर्मचारीहरुको तह वृद्धीको लागि ऐनको दफा २७ को उपदफा (४) वमोजिम समितिले दरखास्त दिने म्याद सकिएको सात दिन भित्र तहवृद्धीका लागि सिफारिस गरिसक्नुपर्नेछ । प्राप्त सिफारिसको आधारमा गाउँ कार्यपालिकाले गरेको निर्णय वमोजिम प्रमुख प्रशासकीय अधिकृतले तहवृद्धीको निर्णय सात दिन भित्र ऐनको दफा २७ (३) वमोजिम कार्यान्वयन गर्नुपर्छ र तहवृद्धीको पत्र दिनुपर्नेछ ।

१३. **सार्वजनिक गर्नेः**तहवृद्धी भएका कर्मचारीहरुको विवरण प्रत्येक स्थानीय तहले आफ्नो सूचना पाटी र वेवसाइटमा अनिवार्य राख्ने व्यवस्था मिलाउनुपर्नेछ ।

१४**. सचिवालयः** तहवृद्धी सम्वन्धी कार्य गर्न सम्वन्धित गाउँपालिकाको प्रशासन शाखाले सचिवालयको काम गर्ने व्यवस्था राख्नुपर्नेछ ।

**१५. जानकारी दिनुपर्नेः** यस ऐन तथा कार्यविधि वमोजिम भएको तहवृद्धीको जानकारी निर्णय भएको मितिले पन्ध्र दिनभित्र मन्त्रालय प्रदेश कितावखाना र प्रदेश लोकसेवा आयोगलाई दिनुपर्नेछ ।

१६.**उजुरी र गुनासोः** तहवृद्धीको निर्णय उपर चित्त नवुझेमा सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र प्रदेश लोकसेवा आयोगमा गुनासो/उजुरी गर्न सकिनेछ भन्ने व्यवस्था राख्नुपर्नेछ ।

१७. **प्रचलित कानुन वमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएको विषयमा कार्यविधि वमोजिम र अन्य विषयको हकमा प्रचलित कानून वमोजिम हुनेछ भन्ने व्यवस्था अनिवार्य रुपमा राख्नुपर्नेछ ।

१८. **खारेजी र वचाउः** केराबारी गाउँपालिकाको तहवृद्धी सम्वन्धी कार्यविधि २०८० खारेज भएको छ । उक्त कार्यविधि वमोजिम भए गरेका कामकारवाहीहरु यसै कार्यविधि वमोजिम भएको मानिनेछ ।

अनुसूची-१

कार्यविधिको दफा ५ को उपदफा (१) सँग सम्बन्धित

**तहबृद्धि आवेदन फारम**

मिति:

श्री अध्यक्षज्यू,

तह वृद्धि सिफारिस समिति

केराबारी  गाउँपालिका, मोरङ।

**विषय: तह वृद्धि गरि पाउँ ।**

प्रस्तुत विषयमा यस गाउँपालिकाको तह वृद्धि सिफारिस समितिको मिति ................................. गतेको सूचना अनुसार म हाल तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिम देहाय बमोजिमको पदमा तह वृद्धि हुन योग्य रहेको हुँदा तोकिए बमोजिमका कागजात संलग्न राखी निवेदन पेश गरेको छु।

| |
|---|
| दर्ता नं- |
| दर्ता मिति- |

१.सूचनाको विवरण:

| | |
|---|---|
| तहबृद्धिको सूचना नं-......................  ......... | मिति-................................... |
| सेवा/समुह -............................. | तहबृद्धि हुने तह- |

२.उम्मेदवारको विवरण:

| |
|---|
| उम्मेदवारको नाम/थर(देवानागीमा )-............................................. |
| उम्मेदवारको नाम/थर(अंग्रेजी ठूलो अक्षरमा)........................................ |
| ठेगाना -..........................................  कार्यालय- |
| ..............................................सेवा-....................... |
| समुह /उपसमुह-..................................,पद-....................................... |
| (हालको) ,संकेत न-............................ |
| सम्पर्क नं .................................... |
| बाबुको नाम-.......................................... |
| आमाको नाम-...................................................... |

**३.सेवाको विवरण-**

३. हाल कार्यरत पद सम्बन्धी विवरण:

| क्र.सं. | पदको नाम/तह/सेवा/समुह | कार्यालयको नाम | नियुक्ति वा बढुवा मिति | बहाल रहेको मिति | | असाधारण विदा बसेको भए | | हालको पदमा(खुल्ला,बढुवा,समायोजन,सरुवा) | स्थायी नियुक्ति गर्ने कार्यालय |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | देखि | सम्म | | |
| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| | | | | | | | | | |

**४. तहबृद्धिका लागि योग्य भए/नभएको अवस्था :-**

(क) विभागिय कार्वाही भएको/नभएको.........., भएको भए कुन कारवाही भएको ........... र कार्वाही सकिने अवधि उल्लेख गर्नुहोस............।

(ख) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,२०८० को दफा २७ बमोजिम तहबृद्धि हुने पदका लागि चाहिने न्यूनतम शैक्षिक योग्यता हासिल गरेको/नगरेको .....................।

(ग) असाधारण र अध्ययन विदा बसेको /नबसेको ................, बसेको भए अवधि उल्लेख गर्नुहोस......।

(घ) निलम्बनमा परे/नपरेको .......................।

(ङ) पेशासँग सम्बन्धित ब्यवसायी परिषदको प्रमाण पत्रको अवधि...........।

(च) माथी उल्लेखित विवरण ठिक छ । झुठ्ठा ठहरे कानुन बमोजिम सहँला बुझाउँला भनि सहिछापा गर्ने ।

कर्मचारीको नाम/थर ................................

पद/तह -..........................

संकेत नं.................................

दस्तखत र मिति -......................

**५. सेवा अवधि र कार्यसम्पादन मूल्याङ्कनको विवरण :-**

तहबृद्धिको निर्णय( कार्यालय प्रयोजनका लागि)

(क) आवेदक कर्मचारीले समायोजन हुनु पूर्व/समायोजन पश्चात/ नियुक्ति पछि गरि हालको तहमा पुरा गरेको सेवा अवधि

............... वर्ष..............महिना...........दिन ।

क) आवेदक कर्मचारीको पछिल्लो तीन वर्षको कार्यसम्पादन मुल्याङ्कन वापत प्राप्ताङ्क र सो को औषत —

अ) आ.व. ......./.............को प्राप्ताङ्क ............

आ) आ.व. ................../............... को प्राप्ताङ्क .............

इ) आ.व. ............/............. को प्राप्ताङ्क

ई) औषत प्राप्ताङ्क ..................................................

ख) स्थानीय सरकारी सेवा(गठन तथा सञ्चालन) ऐन,२०८० को दफा २७ को उपदफा १ तथा केराबारी गाउँपालिकाका कर्मचारीको तहबृद्धि सम्बन्धि कार्यविधि ,२०८० को दफा ७ को उपदफा १ बमोजिम न्यूनतम योग्यता र मापदण्ड पूरा गरेको देखिएकोले निजलाई हाल कार्यरत तहबाट सोही सेवा,समुह/उप समुहमा एक तहबृद्धि गर्ने निर्णय गरियो।

निर्णय मिति- ..................

तहबृद्धि निर्णय लागु हुने मिति-.......................

तहबृद्धि हुने तह-.......................सेवा -.....................

समुह/उप समुह-.....................    पद-....................

| | | |
|---|---|---|
| .................... | ............. | ..................... |
| सदस्य | सदस्य | संयोजक |
| नाम/थर........... | नाम/थर............. | नाम/थर............... |
| पद-.................. | पद-.................. | ..पद................ |
| संकेत नं | संकेत नं | संकेत नं |

**अनुसची-२**

**कार्यविधिको दफा १२ संग सम्बन्धित**

**(केराबारी गाउँपालिका)**

मिति-.

**विषय-** तहबृद्धि सम्बन्धमा ।

महाशय,

स्थानीय सरकारी सेवा(गठन तथा सञ्चालन)ऐन, २०८० को दफा ............बमोजिम तपाईलाई यस कार्यालयको मिति ............. को निर्णय अनुसार मिति .....................देखि ज्येष्ठता कायम हुने गरी देहाय बमोजिमको पदमा तहबृद्धि गरिएको छ । तहबृद्धि हुनु भएकोमा बधाई छ ।

| **हालको विवरण** | **तहबृद्धी/तह मिलान भएको विवरण** |
|---|---|
| पद-<br>तह-<br>सेवा-<br>समुह-<br>कार्यालय- | पद -<br>तह-<br>सेवा-<br>समुह -<br>कार्यालय- |

श्री .....................................

संकेत नं..................................

....................

प्रमुख प्रशासकीय अधिकृत

<u>वोधार्थ-</u>

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, कोशी प्रदेश विराटनगर नेपाल ।

श्री प्रदेश लोक सेवा आयोग , कोशी प्रदेश विराटनगर नेपाल ।

श्री प्रदेश किताबखाना , कोशी प्रदेश विराटनगर नेपाल ।

श्री कर्मचारी सञ्चयकोष , विराटनगर।

श्री नागिक लगानी कोष, विराटनगर ।

श्री आर्थिक प्रशासन शाखा, केराबारी गाउँपालिका, केराबारी, मोरङ ।

आज्ञाले,

सुवास श्रेष्ठ

प्रमुख प्रशासकीय अधिकृत